# भर्मोन्टको कार सिटसम्बन्धी कानुन- 2024

**23 V.S.A. § 1258 बाल सुरक्षा प्रणालीहरू; 18 वर्ष मुनिका व्यक्तिहरू**

कारमा बस्ने 18 वर्ष मुनिका प्रत्येक व्यक्तिलाई उनको उमेर र आकारअनुसार उपयुक्त संघीय रूपमा अनुमोदित बाल सुरक्षा प्रणालीमा सुरक्षित तरिकाले राखिएको हुनुपर्छ जसमा हार्नेस भएको कार सिट, बुस्टर सिट वा वयस्क सिट बेल्ट पर्दछन् ।

जुलाई 1, 2024 देखि लागू हुनेगरी भर्मोन्टले मोटर सवारीसाधनमा बाल यात्रुको सुरक्षासम्बन्धी कानुनमा संशोधन गरेको थियो । यहाँ अद्यावधिक कानुनका मुख्य बुँदाहरू दिइएका छन्:

- **दुई वर्ष मुनिको बच्चा**लाई संघीय रूपमा अनुमोदित हार्नेस भएको रियर फेसिङ (पछाडितिर फर्किएको) चाइल्ड कार सिटमा राम्ररी सुरक्षित तरिकाले राखिनैपर्छ ।
- रियर फेसिङ कार सिटमा भएका बच्चालाई एक्टिभ एयरब्यागको अगाडि राख्नुहुँदैन ।
- **पाँच वर्ष मुनिको बच्चा**लाई संघीय रूपमा अनुमोदित हार्नेस भएको रियर फेसिङ वा फर्वार्ड फेसिङ (पछाडि/अगाडितिर फर्किएको) कार सिटमा राम्ररी सुरक्षित तरिकाले राखिनैपर्छ ।
- **आठ वर्ष मुनिको बच्चा**लाई हार्नेस भएको कार सिटमा सही तरिकाले नराखिएको भएमा उनलाई बुस्टर सिटमा राम्ररी सुरक्षित तरिकाले राखिनैपर्छ ।
- सम्भव भएसम्म **13 वर्षभन्दा कम उमेरको बच्चा**लाई पछाडिको सिटमा राखिनैपर्छ ।

कानुनको उल्लङ्घनहरू देवानी कसुर हुन्छन् र यसबापत $100 सम्मको जरिवाना लाग्न सक्छ । यो किन महत्त्वपूर्ण छ ? बालबालिकालाई उनीहरूका लागि उपयुक्त हुने आकारको कार सिट वा बुस्टर सिटमा राम्ररी सुरक्षित तरिकाले राखियो भने यसले सुरक्षाका जोखिमहरूलाई 70% सम्म घटाउन सक्छ ।

सम्बन्धित कानुनहरूका बारेमा थप जानकारीका लागि वा आफ्नो स्थानीय कार सिट सहयोग स्टेशन फेला पार्नका लागि www.BeSeatSmart.org मा जानुहोस् ।